प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## डिप्लोमा तथा प्रमाणपत्र तहको परीक्षा आवेदन फाराम भर्ने म्याद थपिएको सम्वन्धी अत्यन्त जरुरी सूचना

(मिति २०७७।०८।१५ गते प्रकाशित)

यस परिषद्का आंगिक, साझेदारी, सामुदायिक विद्यालय र निजी स्तरमा संचालित शिक्षण संस्थाहरुमा प्रमाणपत्र तह नर्सिङ्ग, सामान्य चिकित्सा, ल्याब टेक्नोलोजी, रेडियोग्राफी, होमियोप्याथी, सामान्य आयुर्वेद चिकित्सा, अकुपन्चर, डेण्टल साइन्स (डेण्टल हाइजिन), अप्थाल्मिक साइन्स, कृषि, डिप्लोमा इन फार्मेसी, फिजीयोथेरापी, फरेष्ट्री कार्यक्रमहरुको प्रथम, दोश्रो र तेश्रो वर्षको नियमित तथा आंशिक परीक्षा निकट भविष्यमा संचालन हुने भएकोले परीक्षार्थीहरुले परीक्षा आवेदन फाराम भरी बुझाउनका लागि मिति २०७७ साल मंसिर १४ गते भित्र नियमित शुल्कमा र २०७७ साल मंसिर २१ गते भित्र विलम्व शुल्कमा आवेदन फाराम भर्ने म्याद तोकि मिति २०७७।०७।२४ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा सूचना प्रकाशन गरिएकोमा कोभिड-१९ को विशेष परिस्थितिका कारण केही परीक्षार्थीहरुको परीक्षा आवेदन फाराम भर्न कठिनाई भएको भन्ने जनगुनासो आएको साथै शिक्षण संस्थाहरुबाट समेत आवेदन फाराम भर्न म्याद थप गरिदिनु हुनका लागि अनुरोध भै आएको हुंदा देहाय बमोजिम हुने गरी म्याद थप गरिएको व्यहोरा अनुरोध छ ।

**तपसिल :**

- **नियमित शुल्कमा** आवेदन फाराम बुझाउने अन्तिम मिति : २०७७।०८।२९ गते सम्म
- **नियमित शुल्कमा** सम्वन्धित शिक्षण संस्थाले ITMS मा आवेदन फाराम Submit गर्ने अन्तिम मिति २०७७।०८।३० गते राती १२:०० बजेसम्म
- **बिलम्ब शुल्कमा** आवेदन फाराम बुझाउने अन्तिम मिति : २०७७।०९।०६ गते सम्म
- **बिलम्ब शुल्कमा** सम्वन्धित शिक्षण संस्थाले ITMS मा आवेदन फाराम Submit गर्ने अन्तिम मिति २०७७।०९।०७ गते राती १२:०० बजेसम्म
- सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षार्थीहरुको आवेदन फाराम, शुल्क बुझाएको रकमको भौचर र आवश्यक कागजातहरु नियमित शुल्कको हकमा मिति २०७७।०९।०१ गते भित्रमा र बिलम्ब शुल्कको हकमा मिति २०७७।०९।०८ गते भित्रमा परिषद्को सम्वन्धित प्रदेश कार्यालयमा बुझाउनु पर्नेछ ।
- परीक्षा आवेदन फाराम भर्ने/भराउने सम्वन्धी सम्पुर्ण शर्तहरु मिति २०७७।०७।२४ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम हुनेछ ।

**यो सूचना परिषद्को वेभसाइट www.ctevt.org.np मा समेत उपलव्ध हुनेछ ।**

**परीक्षा नियन्त्रक**